नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

**सूचना नं.:- ०७८/०७९-१८**

**तेश्रो तथा अन्तिम पटक सूचना प्रकाशन मितिः २०७९/०१/१५**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, पर्साको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रम** सञ्चालन गर्न जिल्ला भित्रका परियोजना कार्यान्वयन म्यानुअल-२०७७ अनुसारका इच्छुक योग्य आवेदकहरुबाट मिति २०७८/०८/०३ प्रथम पटक तथा २०७८/१०/०७ गते दोश्रो पटक सूचना प्रकाशित गरी सोही म्यानुअलको अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन माग गरिएको थियो। उक्त दुबै सूचना अनुसार पर्याप्त आवेदन सहितको प्रस्तावना प्राप्त हुन नसकेको हुनाले उक्त कार्यक्रममा सहभागी हुनकोलागि यो सूचना तेश्रो तथा अन्तिम पटक प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०७९/०१/२१ गते कार्यालय समय भित्र) अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदनका साथ तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी यस एकाईमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटः**

१ *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाई, पर्साबाट प्राप्त गर्न सकिनेछ । अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।*

**आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरुः**

२ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको अनुसूची-१० बमोजिमको आवेदन।

३ अनुसूची-१० बमोजिमको आवेदनका साथ माग भएका कागजातहरुको प्रतिलिपि (संस्था दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाण पत्र, आवेदकसंस्थाको कारोबार खुल्ने आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन,... आदि)

४ परियोजना कार्यान्वयन एकाईमा आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्ति तोकेको निर्णयको प्रतिलिपी।

५ परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि अनुदान माग सम्बन्धमा कार्य/संचालक समितिको निर्णयको प्रतिलिपि।

६ आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

७ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि।

८ चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रममा सहभागिताको लागि सम्बन्धित स्थानिय निकायको सिफारिश पत्र।

९ कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी।

..............................

नि. बरिष्ठ कृषि अधिकृत

दिपेन्द्र मनोहर चौधरी

नि. वरिष्ठ कृषि अधिकृत